# कर सम्बन्धी तालीम दिन
# इच्छुक फर्म/कम्पनीबाट प्रस्ताव पेश गर्न आव्हान

नेपाल उद्योग वाणिज्य महासंघद्वारा Deutsche Gesellschaft für Internationale Zusammenarbeit (GIZ) को प्राविधिक सहयोगमा साना तथा मझौला उद्यमीलाई लक्षित गरी कर सम्बन्धी तालिम संचालन गर्ने कार्यक्रम रहेको छ । सो कार्यक्रम सातवटै प्रदेशका विभिन्न जिल्लाका १९ स्थानमा संचालन गरिने छ ।

तालिम कार्यक्रम मुख्यतया आयकर र मूल्य अभिबृद्धि करमा भएका व्यवस्था, करदाताले अनुपालना गर्नुपर्ने कानूनी व्यवस्था तथा प्रक्रिया, करको गणना, विवरण तथा कर बुझाउने प्रक्रिया, आन्तरिक राजस्व विभागको करदाता पोर्टलको उपयोग विधि, आर्थिक ऐनले गरेका परिवर्तन, करका दरहरु, अग्रीम आयकर, स्थायी लेखा नम्बर, पूर्वानुमानित कर, कारोबारमा आधारित कर, करपाटी, कर चुक्ता प्रमाणपत्र, खरिद खाता, बिक्री खाता, कर सम्बन्धी विवादमा कानूनी उपचार, करदाताका अधिकार र कर्तव्य लगायत कर कानूनहरुमा भएका व्यवस्थाका बारेमा जानकारी गराउने उद्देश्य रहेको छ । करदाताबाट आयकर र मूल्य अभिबृद्धि कर बाहेक अन्य करका विषय उठान भएमा तालिममा त्यसको बारेमा पनि छलफल गर्न सकिनेछ ।

## (१) कामको विवरण

(१.१) हालको Training Manual लाई अद्यावधिक गर्नु पर्नेछ ।

(१.२) आयकर र मूल्य अभिबृद्धि कर सम्बन्धी दुई दिनको तालिम सातवटै प्रदेशका विभिन्न जिल्लाको १९ स्थानमा गएर दिनु पर्नेछ ।

(१.३) आर्थिक ऐनले गरेको परिवर्तनका सम्बन्धमा छुट्टै आयोजना गरिने एकदिने कार्यशालामा जानकारी गराउनु पर्नेछ ।

## (२) आवश्यक न्यूनतम योग्यता

(२.१) तालिम दिनका लागि कम्तिमा दुई जना चाटर्ड एकाउन्टेन्ट्को नाम प्रस्ताव गर्नुपर्ने छ । प्रस्तावित चाटर्ड एकाउन्टेन्ट् मध्ये एक जना कम्तिमा पाँच वर्ष अनुभव पुगेको हुनु पर्नेछ ।

## (३) अनुभव र शर्तहरु

(३.१) प्रस्ताव गरिएका चाटर्ड एकाउन्टेन्ट्हरुले कम्तिमा तीन वटा कर सम्बन्धी तालिम संचालन गरेको अनुभव हुनु पर्नेछ ।

(३.२) प्रस्ताव गरिएका व्यक्तिको नागरिकता, शैक्षिक योग्यता, तालिम, अनुभव सम्बन्धी प्रमाण पत्रको प्रतिलिपि र व्यक्तिगत विवरण (वायोडाटा) पेश गर्नु पर्नेछ ।

(३.३) प्रस्ताव पेश गर्दा फर्म/कम्पनी दर्ता तथा नवीकरण र करचुक्ताको प्रमाण पत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

(३.४) एकै समयमा दुई स्थानमा तालीम संचालन गर्नु पर्ने अवस्था भएमा आवश्यक योग्यता पुगेका प्रशिक्षकको व्यवस्थापन गर्नु पर्नेछ ।

(३.५) वि.सं. २०८० कार्तिक १४ गतेसम्म सबै स्थानमा तालिम सम्पन्न गरिसक्नु पर्नेछ ।

(४) **तालिमको व्यवस्थापन**

(४.१) तालिम संचालन हुने स्थान तथा कार्यतालिका महासंघबाट तोकिए बमोजिम हुनेछ ।

(४.२) सहभागिलाई आमन्त्रण महासंघले गर्नेछ ।

(४.३) आवश्यक तालिम सामग्रीको व्यवस्थापन महासंघले गर्नेछ ।

(४.४) तालिम संचालन हुने दिनमा तालिम प्रदान गर्ने व्यक्तिको आवास तथा खानाको लागि तोकिए अनुसार छुट्टै भुक्तानी हुनेछ । साथै, यातायातको लागि तोकिए बमोजिम छुट्टै भुक्तानी हुनेछ ।

उपरोक्त योग्यता, अनुभव पुगेका र उपरोक्त शर्त पालना गरी माथि उल्लेखित कार्य गर्न इच्छुक फर्म/कम्पनीले प्राविधिक प्रस्ताव र आर्थिक प्रस्ताव छुट्टाछुट्टै सिलवन्दी गरी **यही २०७९ चैत्र २४ गते, शुक्रबार**सम्म नेपाल उद्योग वाणिज्य महासंघमा आइपुग्ने गरी पठाउन अनुरोध छ ।

*छनौट भएको फर्म/कम्पनीलाई महासंघबाट जानकारी गराइने छ । छनौट सम्बन्धी निर्णय गर्ने अन्तिम अधिकार महासंघमा रहनेछ ।*

**नेपाल उद्योग वाणिज्य महासंघ (FNCCI)**
पो.ब.नं. २६९
शहीद शुक्र एफएनसीसीआई मिलन मार्ग, पचली,
टेकू, काठमाडौं, नेपाल
फोन: ०१-५३६६८८९, ५३६२०६१, ५३६२२१८